
# नेपाल भूकम्प प्रतिकार्य: डोटी
## स्थिति रिपोर्ट

यो स्थिति रिपोर्ट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले साझेदार संघ-संस्थाहरूसँगको सहकार्यमा तयार पारेको हो । यसले ८ नोभेम्बर २०२२ मा भूकम्प र त्यसपछिका पराकम्पहरू पछि डोटी र छिमेकी जिल्लाहरूको अवस्था समेट्छ ।

## मुख्य घटनाहरु

- **६.६ म्याग्निच्युड**को भूकम्प र त्यसपछिका पराकम्पनबाट कुल **६२ हजार २ सय २८** जना प्रभावित भएका छन् ।
- हाल सम्म प्राप्त भएको प्रारम्भिक तथ्याङ्क अनुसार पूर्वीचौकी गाउँपालिकामा **६ जनाको मृत्यु** भएको छ भने **८ जना घाइते** भएका छन् ।
- हाल सम्म प्राप्त भएको प्रारम्भिक तथ्याङ्क अनुसार सुदूरपश्चिम प्रदेशका **डोटी**, **अछाम**, **बाजुरा**, **बझाङ्ग** र **डडेल्धुरा** जिल्लामा **४ हजार ६ सय ४६ घरहरु पूर्णरुपमा** र **१० हजार ९ सय ११ घरहरुमा आंशिक** क्षति पुगेको छ ।




- सुदूरपश्चिम प्रदेशका डोटी, अछाम, बाजुरा, बझाङ र डडेल्धुरा जिल्लामा **१ सय ५६ विद्यालय भवन**, **१८ वटा स्वास्थ्य केन्द्र**, **२९ वटा सरकारी भवन**, **१२ वटा सामुदायिक भवन** र **१८ वटा सांस्कृतिक सम्पदा संरचना**मा क्षति पुगेको छ ।
- डोटी जिल्ला विपद् व्यवस्थापन समितिले भूकम्पमा परी ज्यान गुमाएका परिवारलाई नगद राहत वितरण गरेको छ ।

## स्थिति अवलोकन

**२०२२ नोभेम्बर ८ (२३ कार्तिक २०७९)** गते बिहानै डोटी जिल्लाको पूर्वीचौकी गाउँपालिका वडा नम्बर ३ मा गएको **६.६ म्याग्नीच्युड**को भूकम्पमा परी **६ जनाको मृत्यु** भएको थियो भने **८ जना घाइते** भएका थिए । भूकम्पले डोटी जिल्ला मात्र नभई छिमेकी चार जिल्लालाई समेत नराम्ररी प्रभावित गरेको छ । यस भूकम्पको धक्का छिमेकी जिल्ला अछाम, बाजुरा र बझाङ लगायत डोटी जिल्लाको केन्द्रबिन्दु र आसपासका क्षेत्रमा तीव्र रुपमा महसुस गरिएको छ भने नेपालको राजधानी काठमाडौं लगायत अन्य ठाउँमा समेत कमजोर धक्का महसुस गरिएको छ ।



*Photo: NHSRP*

जिल्ला प्रशासन कार्यालय र सम्बन्धित नगरपालिकाको प्रारम्भिक प्रतिवेदनअनुसार हजारभन्दा बढी घरमा क्षति पुगेको छ भने अन्य सार्वजनिक भवन, विद्यालय, अस्पताल, सांस्कृतिक सम्पदा स्थलहरू समेत प्रभावित भएका छन् । भौतिक क्षति बाहेक सयौं विस्थापित परिवार अझै पुर्नस्थापनाको पर्खाइमा छन् । भूकम्पको धक्का महसुस भएपछि मानिसहरु त्रसित भएर घरबाहिर निस्केका थिए । भूकम्पपछि त्रसित भएका अधिकांश मानिसहरु खुला ठाउँमा देखिएका छन् भने अझै पनि अधिकांश प्रभावित परिवारहरु उचित सुरक्षा विना अस्थायी टहरामा बसिरहेका छन् ।

## हाल सम्म प्राप्त भएको प्रारम्भिक तथ्याङ्क अनुसार क्षति र नोक्सानी

| जिल्ला | निजी आवास | | विद्यालय | स्वास्थ्य | सरकारी भवन | सामुदायिक भवन | सांस्कृतिक सम्पदा |
|---|---|---|---|---|---|---|---|
| | पूर्ण | आंशिक | | | | | |
| डोटी | ५३९ | ४१९३ | ४७ | ८ | ९ | ० | ४ |
| अछाम | २८५९ | ३८६२ | ५० | ९ | ७ | १० | ७ |
| बाजुरा | ११३३ | ६७७ | १७ | १ | ४ | ० | ४ |
| बझाङ | १०८ | १९८७ | ३८ | ० | ९ | १ | २ |
| डडेल्धुरा | ७ | १९२ | ४ | ० | ० | १ | १ |
| कुल जम्मा | ४,६४६ | १०,९११ | १५६ | १८ | २९ | १२ | १८ |

## हाल सम्म प्राप्त भएको प्रारम्भिक तथ्याङ्क अनुसार अस्थायी आवास

| जिल्ला | अस्थायी आवास |
|---|---|
| | आवश्यकता |
| डोटी | ५३९ |
| अछाम | २८५९ |
| बाजुरा | ११३३ |
| बझाङ | १०८ |
| डडेल्धुरा | ७ |
| जम्मा | ४,६४६ |

*पूर्ण रूपमा क्षतिग्रस्त घरहरूको संख्यामा आधारित

## जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय

### डोटी जिल्ला विपद् व्यवस्थापन समिति

- संघीय सरकारको तर्फबाट विपद् प्रभावित उद्धार तथा राहत मापदण्ड (सातौं संशोधन), २०७७ दफा २ (क) बमोजिम डोटी भूकम्पमा परी ज्यान गुमाएका परिवारका सदस्य **पदमबहादुर बोहरालाई ४ लाख रुपैंया**, **बिस्नादेवी बोहरालाई ३ लाख रुपैंया** र **महावीर बोहरालाई २ लाख रुपैंया** प्रदान गर्ने।
- भूकम्प पीडित परिवार र घरधुरीका लागि राहत सामग्री उपलब्ध गराउन र राहत उपलब्ध गराउन एकद्वार प्रणाली अपनाउन नेपाल प्रहरी र डोटी जिल्ला रेडक्रसलाई जिल्ला विपद् व्यवस्थापन समितिको उपस्थितिमा प्रभावित स्थानीय निकायसँग समन्वय गर्न जानकारी गराइएको थियो।
- पूर्वीचौकी र सायल गाउँपालिकालाई भूकम्पबाट अति प्रभावित क्षेत्र घोषणा गर्न जिल्ला प्रशासन कार्यालय डोटीले नेपाल सरकारलाई अनुरोध गर्ने।
- भूकम्प प्रभावित पूर्वीचौकी र सायल गाउँपालिकामा भएका **भौतिक पूर्वाधारमा भएको क्षतिको विस्तृत सर्वेक्षण तथा मूल्याङ्कन गर्न दश जना जति प्राविधिक जनशक्तिको आवश्यकता**का लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध पत्र पठाइनेछ।
- विपद् प्रभावित उद्धार तथा राहत सम्बन्धी मापदण्ड (सातौं संशोधन), २०७७ धारा २ (क) अनुसार असोज २०, २०७९ (६ अक्टोबर २०२२) को अविरल वर्षाले बगाएका दुई जना मृतकहरूको हकमा सङ्घीय सरकारबाट राहत सहयोग स्वरुप मृतक सदस्यका निकटतम आफन्तलाई जनही **२ लाख रुपैंया** राहत रकम उपलब्ध गराइएको छ।

### अछाम जिल्ला विपद् व्यवस्थापन समिति

- भूकम्पबाट भएको क्षतिको उचित जानकारी र तथ्याङ्क संकलन गर्ने उद्देश्यका लागि स्थानीय प्राविधिक कर्मचारी, स्थानीय सुरक्षा निकाय र डोटी जिल्ला शाखासहितको कार्यदल गठन गर्न सम्बन्धित प्रभावित स्थानीय निकायलाई अनुरोध गर्नेछ र यसलाई जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने।
- डोटी भूकम्पबाट आंशिक क्षति भएका घरहरूको मूल्याङ्कनका लागि प्रभावित स्थानीय निकाय र जिल्ला स्तरमा उपयुक्त प्राविधिक कर्मचारीको अभाव रहेको सन्दर्भमा क्षतिको विस्तृत मूल्याङ्कन गर्न अनुभवी प्राविधिक विज्ञ पठाउन गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध पत्र मार्फत सम्पर्क गर्नेछ।
- डोटी भूकम्पबाट आंशिक क्षति भएका तर पुनः बसोबास गर्न उपयुक्त नभएका निजी घरहरू तथा स्थानान्तरणको आवश्यकता परेका केही बस्तीहरूको विस्तृत अध्ययन र मूल्याङ्कन गर्न प्राविधिक विशेषज्ञ टोली पठाउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध पत्र पठाइनेछ।

## प्रतिकार्य

प्रभावित जिल्लाका केही नगरपालिकाहरूमा नगरपालिका र स्थानीय वडा प्रतिनिधिहरूको सहयोगमा प्रारम्भिक द्रुत गतिको मूल्याङ्कन अझै जारी छ। जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले राहत र प्रतिकार्यका कामहरू तिव्र रूपमा अघि बढाउने निर्णय गरेको छ । प्रतिकार्य र सहयोगका लागि जिल्ला र स्थानीय तहका सरोकारवालाहरूसँग छलफल जारी छ। हाल सरकारी निकाय र साझेदार संस्थाहरू मिलेर प्रभावित घर परिवारहरूको लागि राहत र प्रतिकार्यमा संयुक्त रूपमा काम गरिरहेका छन् ।





## वर्तमान आवश्यकता र प्राथमिकताहरू

- **१४ हजार ५८** प्रभावित परिवारहरूलाई आवास सम्बन्धी र गैर-खाद्य वस्तुहरू सम्बन्धी तत्काल राहत सहयोगको आवश्यकता छ ।
- अछाम जिल्लाका **१ हजार** जना प्रभावित घरपरिवारलाई अत्यावश्यक पाल र सिरक डस्नाहरु सहयोग आवश्यक छ ।
- समावेशीताको आधारमा तत्कालिन प्रतिकार्य र सुरक्षित राहत वितरणको प्रक्रियालाई प्राथमिकता दिइनेछ ।
- **१४ हजार ५८** वटा सूचना शिक्षा र सञ्चार सामग्रीहरूको आवश्यकता रहेको जसबाट आवास र गैर-खाद्य वस्तुहरूको सुरक्षित प्रयोगको लागि, अस्थायी आश्रयस्थलहरूको सुरक्षित निर्माणको लागि सामुदायिक स्तरमा ज्ञान र चेतना जगाउन आवश्यक छ ।
- सामुदायिक स्तरमा भुकम्पको कारणले आवासमा भएको क्षति मूल्याङ्कन सुरु गर्नु अघि क्षति मूल्याङ्कन/तथ्याङ्क सङ्कलन गर्न नगरपालिकाका प्राविधिक कर्मचारीहरूको लागि अभिमुखीकरण र प्रशिक्षण ।

| जिल्ला | जस्तापाता | | त्रिपाल | | गद्दा | | कम्बल | | पाल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आवश्यकता | वितरण | आवश्यकता | वितरण | आवश्यकता | वितरण | आवश्यकता | वितरण | आवश्यकता | वितरण |
| डोटी | २८५ | १५० | ६६५८ | १०७६ | १३३१६ | १७५ | १३३१६ | ११७७ | ९५ | ० |
| अछाम | ८५७७ | ० | १३४४२ | ३५० | २६८८४ | ० | २६८८४ | ३५० | २८५९ | ० |
| बाजुरा | ३३९९ | ० | ३६२० | ३०० | ७२४० | ० | ७२४० | ३०० | ११३३ | ० |
| बझाङ | २७६ | ० | ३९९८ | १५ | ७९९६ | १७५ | ७९९६ | ३० | ९२ | ० |
| डडेल्धुरा | २१ | ० | ३९८ | ० | ० | ० | ७९६ | ० | ७ | ० |
| **कुल जम्मा** | **१२,५५८** | **१०५** | **२८,११६** | **१,७४१** | **५६,२३२** | **३५०** | **५६,२३२** | **१,८५७** | **४,१८६** | **०** |

## सहयोगी एजेन्सीहरू

नेपाल रेडक्रस सोसाइटी (NRCS), वर्ल्ड भिजन इन्टरनेशनल (WVI), स्वयंसेवी कोर्प्स नेपाल (VCN)

| सहयोगी संस्था | स्थिति | अस्थायी आश्रय | नगद सहयोग | जस्तापाता | पाल | गद्दा | कम्बल | न्यानो कपडा |
|---|---|---|---|---|---|---|---|---|
| स्वयंसेवी कोर्प्स नेपाल (VCN) | चालु अवस्थामा | | | १५० | | | ३५५ | ३५५ |
| वर्ल्ड भिजन इन्टरनेशनल (WVI) | चालु अवस्थामा | | | | ६२ | | ६२ | |
| नेपाल रेडक्रस सोसाइटी (NRCS) | चालु अवस्थामा | | | | १६७९ | ३५० | १४४० | ५२ |
| नेपाल रेडक्रस सोसाइटी (NRCS) | योजनामा रहेको (अछाम, बझाङ र डोटी) | डोटी (१५० घरधुरी) अछाम (५० घरधुरी) बझाङ (५० घरधुरी) | १५० घरधूरीहरु रु १५०००० सहयोगको लागि ३०० घरधुरीहरु रु १५००० | ६०० | ३३५० | २४५० | १४७० | २५० |
| **Total** | | **३००** | **६,७५०,०००** | **७५०** | **५,०९१** | **२,८००** | **३,३२७** | **६५७** |

प्राविधिक सहयोग: राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च (NHSRP)

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

**थप जानकारीको लागि:**
P.O. बक्स नं.:२१३२१३
टेलिफोन: ०१-४२१११९५
इमेल:: info@bipad.gov.np, ndrrma@gmail.com